# सामाजिक सुरक्षा र गरिबी पहिचान कार्यक्रममा शिक्षा मन्त्रालयको भूमिका

डा. रोजनाथ पाण्डे
उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी

**लेखसार**

**गरिबी निवारण तथा सामाजिक सुरक्षाका क्षेत्रमा थप योगदान पुर्‍याउन शिक्षा क्षेत्रलाई प्राथमिकता दिई थप लगानी वृद्धि गर्ने, अन्य मन्त्रालय तथा क्षेत्रको सहयोग, समन्वय तथा गैरसरकारी क्षेत्र र समुदायलाई परिचालन गर्न सकिएको छैन । यो अध्ययनका लागि पूर्व साहित्यहरूको पुनरावलोकन तथा अध्ययन विधिका लागि सङ्ख्यात्मक र गुणात्मक विधि अपनाइएको र विभिन्न स्रोतहरूको उपलब्ध सूचनालाई यसमा तथ्याङ्क विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । अध्ययनबाट प्रोत्साहन र सहयोग जस्ता लक्षित समुदाय केन्द्रित कार्यक्रमहरूको व्यवस्थापन, अझ विस्तार र प्रभावकारी बनउनुपर्ने देखिन्छ । विद्यालय तहदेखि केन्द्रसम्म अनुगमन समन्वय र उर्ध्वतर सम्बन्ध, स्थानीय स्तरको अनुगमन, विशेषज्ञको प्रयोग, अनुसन्धानात्मक कार्य, सामूहिक निरीक्षण, सूचना तथा सञ्चारको निरीक्षणमा उपयोग तथा प्रतिवेदन कार्यान्वयन जस्ता क्षेत्रमा विशेष ध्यान दिन जरुरी देखिएको छ । यस लेखमा राम्रा अभ्यासहरूको पहिचान, सार्वजनिकीकरण, अन्य निकायहरूका राम्रा अनुभवहरूको आदान प्रदान तथा त्यसलाई देशव्यापी रूपमा लागु गर्ने कार्यमा प्राथमिकता दिई शैक्षिक व्यवस्थापनमा निरन्तर सुधारको खाँचो पुरा गर्न आवश्यक रहेको औंल्याइएको छ ।**

## पृष्ठभूमि

शिक्षालाई सामाजिक सुरक्षा र मानव अधिकारका रूपमा अङ्गीकार गरी अन्तरिम संविधान २०६३ ले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्ने प्रावधान उल्लेख गरेको छ । नेपालले सबैका लागि शिक्षा, सहस्राब्दी विकास लक्ष्य लगायतका अन्तरराष्ट्रिय समझदारीमा हस्ताक्षर गरिसकेको छ । ती सबै अवधारणाका साथमा संयुक्त राष्ट्र सङ्घले पारित गरेका अभिसन्धिहरूमा समेत प्रतिबद्धता जनाइसकेको छ । यी प्रावधानहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सरकारले शिक्षा क्षेत्रमा कुल राष्ट्रिय बजेटको १५ देखि १७ प्रतिशतसम्म विनियोजन गर्दै आएको छ । शिक्षामा सरकारका साथमा निजी क्षेत्र एवम् समुदायको समेत लगानीको मात्रा बर्सेनि बढेको छ । गुणस्तरीय शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार सुनिश्चित गर्न राष्ट्रिय एवम् अन्तर ाष्ट्रिय रूपमा घोषित प्रतिबद्धता पुरा गर्न नेपालले सार्वजनिक बजेटको मात्रा बढाउनुका साथै शिक्षा क्षेत्र तथा यसभित्रका उपक्षेत्रमा विभिन्न कार्यक्रम आयोजना एवम् परियोजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यस कार्यका लागि नेपालले द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरूबाट समेत सहयोग प्राप्त गरिरहेको छ । कार्यक्रमबाट लक्षित समूहलाई बढीभन्दा बढी प्रतिफल प्रदान गर्न र कार्यान्वयनमा सहजता प्रदान गर्न कानुन तथा नियममा समयानुकूल रूपमा सुधार गर्ने प्रयासहरू भइरहेका छन् । विभिन्न निर्देशिका, कार्यविधि पुस्तिका तयार गरिएका छन् र तिनको प्रबोधीकरणसमेत भइरहेका छन् ।

शिक्षा क्षेत्रमा छओटा उपक्षेत्र छन् । ती उपक्षेत्रहरूको प्राथमिकता क्रमअनुसार आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा र निरन्तर शिक्षा, प्रारम्भिक बाल विकास कार्यक्रम, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम र उच्च शिक्षा रहेका छन् । शिक्षा क्षेत्रमा नियमित कार्यका साथै विकास कार्यहरू पनि निरन्तर रूपमा सञ्चालनमा रहेका छन् । शिक्षाको विकास कार्यसँग प्रत्यक्ष सम्बन्धित आयोजना तथा

कार्यक्रमहरूमा विद्यालय क्षेत्र सुधार कार्यक्रम, व्यावसायिक तालिम अभिवृद्धि परियोजना, दोस्रो उच्च शिक्षा परियोजना र विद्यालय पौष्टिक आहार कार्यक्रम रहेका छन् ।

मुलुकका लगभग ९५ प्रतिशत घरधुरीका बालबालिकाहरू आधा घन्टा हिँडेर प्राथमिकविद्यालय पुग्न सक्ने देखिएको छ । आधारभूत तह कक्षा १ देखि ८ सम्म सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा रहेको छ भने कक्षा ९ देखि १२ का लक्षित समूहका विद्यार्थीहरूका लागि माध्यमिक शिक्षा निःशुल्क रहेको छ । सरकारले यसै शैक्षिक वर्षदेखि कक्षा ९ देखि प्राविधिक व्यावसायिक शिक्षा सुरु गरेको छ । नेपालको जनसङ्ख्याको ४०% हिस्सा बालबालिका छन् त्यसमा पनि १० देखि १५ प्रतिशत बालबालिका अपाङ्गता भएका छन् । HR Watch ले ३ लाख बालबालिकाको भविष्य खोसिएको (futures stolen) विवरण दिएको छ । ८४ हजार विद्यार्थी विद्यालयमा रहेकामध्ये २८ हजार शारीरिक अपाङ्ग छन् भने ६००० विद्यार्थी होस्टेलमा रहेका छन् । हालसम्मका उपलब्धि र आगामी तिन वर्षका लक्ष्यहरू निम्नअनुसार रहेको छ :

| सूचकहरू | एकाइ | तेरौं योजनाको लक्ष्य | आ.व. २०६९–७० सम्मको प्रगति |
|---|---|---|---|
| साक्षरता दर | प्रतिशत | ६७.० | ६८.९ |
| कक्षा एकमा बाल विकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको दर | प्रतिशत | ५७.० | ५५.६ |
| आधारभूत तह (कक्षा १-५) खुद भर्ना दर | प्रतिशत | ९८.० | ९५.३ |
| आधारभत तहमा कक्षा ६–८ को खद भर्ना दर | प्रतिशत | ७५.० | ७२.२ |
| माध्यमिक तह कक्षा ९–१० मा खद भर्ना दर | प्रतिशत | ५०.० | ५४.३ |
| आधारभूत तह (कक्षा १-८) खुद भर्ना दर | प्रतिशत | ९१.३ | ८७.५ |
| कक्षा ५ सम्म टिकाउ दर | प्रतिशत | ८५.५ | ८४.२ |
| कक्षा ८ सम्म टिकाउ दर | प्रतिशत | ७०.० | ६९.६ |
| माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | प्रतिशत | ३५.० | ३२.४ |
| उच्च शिक्षामा सहजै देखिने भर्ना दर | प्रतिशत | १०.० | १३.० |

स्रोत : त्रिवर्षीय योजनाको आधार पत्र, २०७०

प्राविधिक शिक्षातर्फ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मार्फत ७४ जिल्लामा संस्था विस्तार गरिएको, २४ ओटा आङ्गिक संस्थाहरू र ७३ ओटा (एनेक्स) विद्यालयहरू सञ्चालनमा रहेका छन् । हालसम्म ३०१ ओटा निजी संस्थाहरूले सम्बन्धन लिई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । १५ हजार जनालाई वार्षिक छोटो अवधिको तालिम दिने क्षमता रहेको तथा प्राविधिक एसएलसी को ६४ ओटा पाठ्यक्रम, प्रमाण-पत्र तहको ३३ ओटा, छोटो अवधिको ११२ ओटा विभिन्न विषयका पाठ्यक्रम लागु भएको अवस्था छ । दैनिक १३०० जना भन्दा बढी युवा बिदेसिने हालको अवस्थामा प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाहरूको क्षमता करिब २७००० जना विद्यार्थीलाई सेवा दिन सक्ने अवस्था रहेबाट यो निकै अपर्याप्त देखिन्छ ।

यस तथ्याङ्कबाट हाल सञ्चालनमा रहेका कार्यक्रमहरूले विद्यालय र शिक्षण संस्थाहरूबाट उपलब्ध सेवाहरू सामाजिक सुरक्षाको सन्दर्भमा अपर्याप्त रहेको देखाएको छ ।

## शिक्षाको क्षेत्रगत तथा राष्ट्रिय नीति

सन् २०२२ सम्म अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा प्रवेश गर्ने नेपाल सरकारको लक्ष्य पुरा गर्न

र अन्तर्राष्ट्रिय क्षेत्रमा सरकारले व्यक्त गरेका प्रतिबद्धता तथा सन्धि सम्झौता कार्यान्वयन अनि विकास साझेदार सङ्घ संस्थाहरूसमक्ष व्यक्त गरेका प्रतिबद्धताहरूको कार्यान्वयन गर्ने र भूमण्डलीकरण, विज्ञान र प्रविधिको स्थानीयकरणको संयोजन गर्दै जाने सरकारको नीतिलाई सामाजिक सुरक्षा तथा गरिबी निवारणमा केन्द्रित गर्दै शिक्षा मन्त्रालय र मातहतका निकायहरू सहश्राब्दी विकास लक्ष्य र सबैका लागि शिक्षाका लक्ष्यहरूबाट निर्दिष्ट शैक्षिक नीति तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनमा संलग्न भइरहेका छन् ।

नेपाल राज्यको अन्तरिम संविधान २०६३ ले विद्यालय शिक्षा निःशुल्क प्राप्त गर्न पाउने मौलिक हकका रूपमा व्यवस्था गरेको भए पनि यो सशर्त रहेको र उपलब्ध स्रोत र साधन तथा उपयुक्त कानुनको व्यवस्था गरी उक्त सेवा सुविधा व्यवस्था गर्ने भनिएको छ । शिक्षा क्षेत्रअन्तर्गत हालसम्म विशेष शिक्षा नीति २०५३ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीति २०६९ कार्यान्वयनमा ल्याइएको छ । एकीकृत शिक्षा नीति बन्न सकेको छैन भने एकीकृत उच्च शिक्षा नीति छलफलमै रहेको छ । शिक्षा क्षेत्रको लगानीका सन्दर्भमा प्राथमिक शिक्षा पूर्ण निःशुल्क, आधारभूत तहसम्म अनिवार्य र निःशुल्क गरिने, माध्यमिक तहसम्म निःशुल्क (पाठ्य पुस्तक, शुल्क, परीक्षा शुल्क), उमावि तहमा लक्षित वर्ग तथा कर्णाली अञ्चलमा निःशुल्क व्यवस्था गरिएको छ भने उच्च शिक्षा र प्राविधिक शिक्षामा लागत आपूरण (cost recovery) नीति अपनाइएको छ । उच्च शिक्षा र प्राविधिक शिक्षामा केही छात्रवृत्तिको व्यवस्था पनि उपलब्ध रहेको छ ।

चालु वर्षबाट कार्यान्वयनमा आएको तिन वर्षीय योजनामा निम्न अनुसार लक्ष्य निर्धारण गरिएका छन् :

| **सूचकहरु** | **एकाइ** | **लक्ष्य (आर्थिक वर्षगत रूपमा)** | | |
|---|---|---|---|---|
| | | **०७०/७१** | **०७१ /७२** | **०७२/७३** |
| साक्षरता दर | प्रतिशत | ८९ | ९५ | ९७ |
| आधारभूत तहको खुद भर्ना दर | प्रतिशत | ८८ | ८९ | ९०.० |
| कक्षा १ को कक्षा दोहोऱ्याउने दर | | १० | ५ | २.० |
| आधारभूत तहको लैङ्गिक विभेदीकरण सूचक | | ०.९९ | १.०० | १.०० |
| कक्षा एकमा बाल विकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको दर | प्रतिशत | ५९.० | ६२.० | ६४.० |
| बाल विकास केन्द्रमा भर्ना दर | | ७५.० | ८१.० | ८७.० |
| आधारभूत तह (कक्षा १-५) खुद भर्ना दर | प्रतिशत | ९६.० | ९८.० | ९९.० |
| माध्यमिक तह (कक्षा ९-१२) खुद भर्ना दर | प्रतिशत | ३६.० | ३८.० | ४०.० |
| प्रवेशिका परीक्षा उत्तीर्ण दर | प्रतिशत | ५६.० | ६७.० | ७१.० |
| कक्षा ५ सम्म टिकाउ दर | प्रतिशत | ८४.५ | ८६.० | ८७.५ |
| कक्षा ८ सम्म टिकाउ दर | प्रतिशत | ७१.० | ७२.० | ७३.० |
| उच्च शिक्षामा सहजै देखिने भर्ना दर | प्रतिशत | १४.० | १५.० | १६.० |

स्रोत : त्रिवर्षीय योजनाको आधार पत्र, २०७०

## सामाजिक सुरक्षाको क्षेत्रगत विवरण : शिक्षा क्षेत्र

विगत वर्षहरूमा सबैका लागि शिक्षा कार्यक्रम (२००४–२००९), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३–२००९), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२००३–२००७), विद्यालय भौतिक सुविधा विस्तार आयोजना (२००८–०९), शिक्षक शिक्षा आयोजना (२००२-२००८) जस्ता कार्यक्रमहरू सम्पन्न

भए भने चालु आयोजना तथा कार्यक्रमहरूमा विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९–२०१५), दोस्रो उच्च शिक्षा परियोजना (२००७–०१४), सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम, सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम रहेका छन् ।

यसका अलावा विज्ञान विषय अध्यापन गराउने उमाविका लागि सघन कार्यक्रम, कम्प्युटर internet connection र लाइब्रेरी व्यवस्थाका लागि सहयोग अनुदान, early childhood education and development कार्यक्रम, कर्णाली अञ्चल दिवा खाजा कार्यक्रम (ECD, कक्षा १-५), थप १० जिल्लामा दिवा खाजा कार्यक्रम, कक्षा ३, ५ र ८ को उपलब्धि मापन तथा परीक्षण कार्यक्रम (NASA), अनिवार्य आधारभूत शिक्षा कार्यक्रम परीक्षण, विद्यालयको पुनर्संरचना सम्बन्धी (school merging, downsizing and upgrading ), एकीकृत माध्यमिक शिक्षा (कक्षा ९-१२) नमुना परीक्षण कार्यक्रम, विद्यार्थी प्रतिभाको खोजी जस्ता थप कार्यक्रमहरू पनि सञ्चालनमा ल्याइएका छन् ।

**वैकल्पिक शैक्षिक कार्यक्रमहरु**

| **विद्यालय प्रकार** | **सङ्ख्या** |
|---|---|
| धार्मिक प्रकृतिका विद्यालयहरू | आधारभूत तह : १६४६, माध्यमिक तह : १६ |
| प्राथमिक शिक्षा विस्तार कार्यक्रम | २४८ |
| अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम | phase out नहुने : ३५३, हुने :१७३ |
| खुला विद्यालय कक्षा ६-८ | ३७ |
| अनौपचारिक प्रौढ विद्यालय कक्षा १-८ | ७५९ |
| घुम्ती विद्यालय | २ |
| स्रोत कक्षा | ३६० |
| खुला विद्यालय कक्षा ९-१० | ८४ |
| विशेष विद्यालय | २८ |
| अनौपचारिक प्रौढ (गृहिणी) विद्यालय कक्षा ९-१० | ५० |

**स्रोत : अनौपचारिक शिक्षा केन्द्र, २०७०**

हालसम्म गरिएका प्रयासहरूमा एकीकृत छात्रवृत्ति वितरण प्रणालीको विकास, माध्यमिक तहमा प्राविधिक एवम् व्यावसायिक शिक्षा, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा, रेडियो कार्यक्रम प्रसारण तथा गोरखापत्रबाट सामयिक सूचना सम्प्रेषण र नीति निर्देशन प्रवाह रहेका छन् ।

हाल सञ्चालनमा रहेका कार्यक्रमका मुख्य क्षेत्रहरूमा प्रारम्भिक बाल शिक्षा तथा विकास, आधारभूत तथा माध्यमिक शिक्षा, साक्षरता तथा जीवनपर्यन्त सिकाइ, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, शिक्षकको पेसागत विकास, क्षमता विकास, अनुगमन तथा मूल्याङ्कन, वित्तीय व्यवस्था, सहायता व्यवस्थापन रहेका छन् । त्यस्तै गरी अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रमअन्तर्गत प्राथमिक शिक्षा विस्तार कार्यक्रम (SOP), अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम (FSP), घुम्ती विद्यालय सञ्चालन, खुला विद्यालय अनौपचारिक प्रौढ (गृहिणी) विद्यालय, धार्मिक विद्यालयहरूलाई अनुदान सहयोग (गुरुकुल/आश्रम, मदरसा, गुम्बा/विहार, सामुदायिक अध्ययन केन्द्र सञ्चालन, प्रौढ तथा महिला साक्षरता द्वितीय तथा आय आर्जन कार्यक्रमहरू रहेका छन् ।

छात्रवृत्ति कार्यक्रमहरूमा निम्न अनुसारका छात्रवृत्ति वितरण गरिएका छन् :

- छात्राहरूका लागि छात्रवृत्ति
- दलित विद्यार्थीका लागि छात्रवृत्ति
- लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति (२२ जनजाति तथा सीमान्तकृत समूह, मुक्त कमैया, वादी, हलिया, चरुवाका सन्ततिलाई समेत)
- अपाङ्गहरूका लागि छात्रवृत्ति
- माध्यमिक शिक्षा छात्रवृत्ति
- अति विपन्न लक्षित माध्यमिक छात्रवृत्ति
- सहिदका छोराछारीहरूका लागि छात्रवृत्ति
- कमलरीका लागि क्षमता विकास र छात्रवृत्ति
- द्वन्द्व पीडित छात्रवृत्ति
- हिमाली छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति
- फिडर छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति
- नमुना विद्यालयका विद्यार्थीका लागि छात्रवृत्ति
- विज्ञान विषयका विद्यार्थीका लागि छात्रवृत्ति

## कार्यक्रमको क्षेत्र र लक्षित वर्ग पहिचान

कार्यक्रमलाई विशेषत समावेशी बनाई सम्पूर्ण क्षेत्रमा सेवा प्रवाह विस्तार गर्ने लक्ष्य लिइएको छ । यसको अलावा लक्षित समुदाय केन्द्रीत कार्यक्रमबाट जोखिममा रहेका र शैक्षिक सुविधाबाट बञ्चित वर्गलाई लक्षित गराई कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

विद्यालयमा न्यूनतम् आवश्यकताका पाँच क्षेत्रहरू पहिचान गरी ती कुराहरूलाई पूर्वाधारका रूपमा लिई ती आवश्यकता पुरा गर्न कदम चालिएको छ जसमा कक्षा कोठा, शिक्षक व्यवस्थापन, पाठ्य पुस्तक, शौचालय पानीको व्यवस्था र सरसफाइ, शैक्षिक सामग्री book corner को व्यवस्था गर्ने कार्यमा प्राथमिकता दिइएको छ ।

हालसम्म कुल विद्यार्थीमा छात्रा सहभागिताको स्थिति प्राथमिक तहमा ५०.४ प्रतिशत, निमावि तहमा ५०.५ प्रतिशत, मावि तहमा मा ४९.७ प्रतिशत र उच्च मावि तहमा ५१.२ प्रतिशत रहेको छ । कुल विद्यार्थीमा दलित विद्यार्थीको प्रतिशत प्राथमिक तहमा २१.७ प्रतिशत, निमावि तहमा १४.६ प्रतिशत, मावि तहमा १०.५ प्रतिशत र उच्च मावि तहमा ६.८ प्रतिशत रहेको छ । प्राथमिक तहमा महिला शिक्षकको अनुपात समग्रमा ४२.२ प्रतिशत र सामुदायिक विद्यालयमा ३७.५ प्रतिशत रहेका छन् ।

### विद्यालय शिक्षा : एक झलक

| विद्यालय प्रकार | विद्यालय | विद्यार्थी |
|---|---|---|
| प्राथमिक तह | ३४२९८ | ४५७६६९३ |
| निम्न माध्यमिक तह | १४४४७ | १८२३१९२ |
| माध्यमिक | ८४१६ | ८७८०४७ |
| उच्च माध्यमिक | ३५९६ | ३८७५१६ |
| कुल विद्यालय | तह ६०७५७ र विद्यालय ३४७८२ | ७६६५४४८ |
| बाल विकास र पूर्व प्रावि | ३४१७४ | १०५३०५४ |

**स्रोत : शिक्षा विभाग, २०७०**

वि.सं. २०७० हाल सम्म ३४, ७८२ विद्यालयहरूमा करिब ७६,६५,४४८ विद्यार्थीहरू विद्यालयमा रहेका र करिब ४.७ प्रतिशत विद्यालय उमेर समूहका प्राथमिक तहका विद्यार्थीहरू विद्यालयबाहिर रहेको फ्ल्यास रिपोर्टले देखाउँछ ।

## विगत ९ वर्षको वार्षिक बजेट

शिक्षा क्षेत्रमा विनियोजित वार्षिक बजेटलाई विश्लेषण गर्दा विशेषतः विगतदेखि कुल राष्ट्रिय बजेटको १२ देखि १७ प्रतिशतको हाराहारीमा देखिन्छ । अन्य विकासशील मुलुकहरूले शिक्षा क्षेत्रमा छुट्याएको बजेटको हिस्सा २५ प्रतिशतसम्म देखिन्छ । विगत वर्षहरूमा अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूसँग नेपाल सरकारले गरेको प्रतिबद्धताअनुरूप पनि शिक्षा क्षेत्रको बजेट वृद्धि गर्दै कम्तीमा पनि २० प्रतिशत पुऱ्याउनुपर्ने देखिन्छ । तलको तालिकाबाट शिक्षा क्षेत्रको बजेट हिस्सालाई तुलना गर्न सकिन्छ :

| आर्थिक वर्ष | विनियोजित बजेट | जम्मा बजेटको प्रतिशत |
|---|---|---|
| २०६४/६५ | २८३९००००००० | १६.८ |
| २०६५/६६ | ३९०८६४०७००० | १६.६ |
| २०६६/६७ | ४६६१६६७२००० | १६.३ |
| २०६७/६८ | ५७८२७५४२००० | १७.१ |
| २०६८/६९ | ६३९१८८३९००० | १६.६ |
| २०६९/७० | ६३४३१३९७००० | १५.६७ |
| २०७०/७१ | ८०९५८०८०००० | १५.६५ |
| २०७१/७२ | ८६०३४०५०००० | १३.९१ |
| २०७२/७३ | ९८६४००००००० | १२.०४ |

**स्रोत : अर्थ मन्त्रालय, २०७२**

शिक्षा क्षेत्रको बजेट वितरण अवस्था पनि विशेषतः आधारभूत शिक्षामा बढी देखिन्छ । प्राविधिक शिक्षामा आवश्यकताअनुरूप बजेट उपलब्ध गराउन सकिएको छैन । शिक्षा उपक्षेत्रमा वितरित बजेटलाई विगतका चार वर्षको बजेट प्रक्षेपणबाट निम्न अनुसार तुलना गर्न सकिन्छ :

| Education sub-sector | 2010/011 | 2011/012 | 2012/013 | 2013/014 |
|---|---|---|---|---|
| Pre primary | 1.4 | 1.3 | 1.7 | 1.3 |
| Basic Education | 66.9 | 65.9 | 65.2 | 65 |
| Secondary Education | 16 | 16 | 17 | 17.04 |
| TEVT | 2.3 | 2.9 | 2.1 | 2.91 |
| Tertiary Education | 9 | 9.9 | 10 | 8.35 |
| Non formal | 1.1 | 1 | 1 | 1.85 |
| Education Management and Administration | 3.4 | 3.1 | 3.4 | 4 |
| Total | 100 | 100 | 100 | 100 |

**स्रोत : शिक्षा मन्त्रालय, २०७०**

शिक्षा क्षेत्रमा सरकारी लगानी बाहेका विभिन्न गैर सरकारी क्षेत्र, वैदेसिक कूटनीतिक नियोगलगायत समुदाय र अन्य निकायहरूबाट भएका लगानीहरूको पहिचान तथा आँकलन हुन नसकिरहेको र यसको हिस्सा ठुलो रहेको देखिन्छ । यसका लागि शिक्षा क्षेत्रको समग्र बजेट झल्किने एकीकृत लेखा प्रणालीको विकास गरी त्यसैअनुरूप शिक्षामा लगानी गर्न आवश्यक देखिन्छ ।

## कार्यविधि तथा निर्देशिका

कार्यक्रम कार्यान्वयन गर्न मार्ग निर्देश गर्ने आधाहरूमा अन्तरिम संविधान, शिक्षा ऐन, विभिन्न शिक्षा क्षेत्रका स्वायत्त संस्थाहरूका ऐन, शिक्षा नियमावली, विनियम तथा शिक्षा मन्त्रालयबाट जारी भएका निर्देशिका तथा निर्देशनहरू रहेका छन् । शिक्षा क्षेत्रका कार्यक्रम सञ्चालनका लागि विभिन्न कार्यक्रम सञ्चालन कार्यविधि, परियोजना सञ्चालनका लागि स्वीकृत डकुमेन्टहरूका साथै अर्थ मन्त्रालयको बजेट कार्यान्वयन निर्देशिका, नर्मस्, समय समयको निर्देशन, राष्ट्रिय योजना आयोगबाट जारी हुने बजेट सिलिङ, अनुगमन निर्देशिका, स्वीकृत अनुगमन तथा खरिद योजना, शिक्षा मन्त्रालयबाट जारी हुने निर्देशिका लगायतलाई आधार बनाइने गरिन्छ ।

## हाम्रा उपलब्धिहरू

वि.सं. २०७० सम्म प्राथमिक तहका विद्यार्थीहरूको खुद भर्ना दर ९५.३ प्रतिशत पुगेको र साक्षरता दर ६८.९ प्रतिशत पुगेको छ । विद्यालय शिक्षामा छात्रा र दलितको सहभागितामा उल्लेखनीय वृद्धि भएको छ । छात्रछात्राको सङ्ख्या अनुपात १:१ रहेको छ भने विद्यालयको भौतिक पूर्वाधारमा सुधार भएको छ । बाल मैत्री विद्यालय अभ्यासको राम्रो प्रभाव परिरहेको देखिन्छ । त्यस्तै गरी विद्यालय व्यवस्थापनमा समुदायको सहभागिता, पारदर्शिता र सूचना प्रवाहमा वृद्धि भएको छ ।

### प्रमुख शैक्षिक सूचक, उपलब्धि र लक्ष्य

| सूचक | २००१ | २०१२ | २०१५ |
|---|---|---|---|
| पूर्व प्रावि र बाल विकासको सहजै देखिने भर्ना दर | १३ | ७३.७ | ८० |
| बाल विकासबाट कक्षा १ मा आउने बालबालिका | १०.५ | ५५.६ | ८० |
| कक्षा १ को सहजै देखिने भर्ना दर | १४१ | १३७.७ | १०२ |
| कक्षा १ को नयाँ भर्ना दर | ५३.७ | ९१.२ | ९८ |
| प्राथमिक तहको सहजै देखिने भर्ना दर | ११९.८ | १३०.१ | १०५ |
| प्राथमिक तहको खुद भर्ना दर | ८०.४ | ९५.३ | १०० |
| जिएनपिको तुलनामा शिक्षामा लगानी | १.८ | - | २.५ |
| कुल शैक्षिक बजेटको प्राथमिक शिक्षामा लगानी | ५६.७ | ६० लगभग | ६५ |
| तालिम प्राप्त शिक्षकको प्रतिशत | १५.४ | ९४.४ | १०० |
| योग्यता प्राप्त शिक्षकको प्रतिशत | - | १०० | १०० |
| शिक्षक विद्यार्थी अनुपात | ३७ | ३८ | ३० |
| कक्षा १ मा दोहोऱ्याउने दर | ४२ | १९.९ | १० |
| कक्षा ५ मा दोहोऱ्याउने दर | ११ | ५.३ | ८ |
| कक्षा ५ मा टिकाउ दर | ६३ | ८४.२ | ९० |
| प्राथमिक शिक्षाको सक्षमता दर | - | ७६.६ | ८० |
| कक्षा ५ मा सिकाइ उपलब्धि दर | ४० | - | ८० |

**स्रोत : शिक्षा मन्त्रालय, २०७०**

## हाम्रा समस्या तथा मुद्दाहरू

सम्पूर्ण बाल बालिकामा कसरी शिक्षाको पहुँच पुऱ्याउने, हालको कक्षा दोहोऱ्याउने र छाड्ने समस्या कसरी हल गर्ने भन्ने विषय गम्भीर रूपमा उठेको छ । हालको एसएलसी नतिजा अपेक्षित भएन भन्ने जन आवाजलाई जवाफ दिन प्रभावकारी कार्यक्रमले सम्बोधन गर्नुपर्ने देखिन्छ । कार्यक्रमहरू लक्षित वर्गअनुरूप भए पनि कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन प्रभावकारी नहुनुले अपेक्षित प्रतिफल उपलब्ध हुन सकेको छैन । अर्कोतिर शिक्षित बेरोजगारको सङ्ख्या बढेका कारण शिक्षाको गुण स्तर र सान्दर्भिकताको प्रश्न टड्कारो रूपमा उठेको छ । एकातिर लगानीअनुसारको प्रतिफल प्राप्त भएन भन्ने गुनासो बढेको छ भने अर्कोतिर स्रोतको उपयुक्त परिचालन र अपर्याप्तता प्रभावकारी कार्यान्वयनमा बाधक बनेको छ । शिक्षालाई जीवनसँग गाँस्न र राम्रा गरिएका अभ्यासहरू देखाउन सकिएका छैनन् । जवाफदेहिता र उत्तरदायित्वको पालाना राम्रो भएन भन्ने जनगुनासोसँगै सबै स्रोत केन्द्रहरूबाट खोजे जति सेवा लिन सकिएको छैन ।

शिक्षाको नीति समयानुकूल भएन भन्ने आम जनगुनासोसँगै सामुदायिक विद्यालयको स्तर दिनहुँ गिर्दो अवस्थामा छ । साक्षरता कार्यक्रम प्रभावकारी थप प्रभावकारी बनाउन र जीवन पद्धतिसँग जोड्न अझै धेरै गर्न बाँकी छ । बाल विकास कक्षाहरू प्रभावकारी भइरहेका छैनन् र स्थानीय निकायसँगको सहकार्य प्रभावकारी हुन सकेको छैन । विद्यालयका कक्षाहरू व्यावहारिक रूपमा बाल मैत्री हुन सकेका छैनन् । परिणाममाभन्दा प्रक्रियामा बढी  ध्यान दिनाले कार्यक्रम कार्यान्वयन प्रभावकारी हुन सकेको छैन ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई व्यापक र प्रभावकारी बनाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को संरचनात्मक पुनरवलोकन, स्थानीय निकाय, गैसस र निजी क्षेत्रसँग साझेदारी, एनेक्स कार्यक्रम विस्तार, पोलिटेक्निक तथा प्राविधिक शिक्षालयहरूको क्षमता वृद्धि, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा अभिवृद्धि परियोजनाको निरन्तरता आवश्यक देखिन्छ ।

## चुनौतीहरू

सामाजिक सुरक्षाका दृष्टिकोणबाट विश्लेषण गर्दा शिक्षा क्षेत्रमा निम्न लिखित चुनौती र अवसरहरू रहेको देखिन्छ :

१. विद्यालय क्षेत्र सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धी :

शिक्षा ऐन संशोधन, पाठ्य पुस्तक छपाइ, दरबन्दी मिलान जस्ता सरकारले प्रतिबद्धता जाहेर गरेबमोजिमको नीतिगत सुधार र कानुनी प्रबन्ध मिलाउने तथा राष्ट्रिय परीक्षा बोर्ड गठनलगायत शैक्षिक प्रशासनिक संरचनाहरूको सुधार गर्ने ।

२. अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्ने सम्बन्धी :

कानुनी प्रबन्ध र स्थानीय निकायको सहभागिता, विद्यालयबाहिर रहेका बाल बालिकालाई विद्यालयमा ल्याउने विषयमा लक्षित विद्यार्थीको पहिचान (को हो, कहाँ छ, के गर्दा विद्यालय आउँछ), दिगो स्रोतको व्यवस्थापन र अवसर लागत (opportunity cost) व्यवस्था गर्ने ।

३. जिल्ला तहमा सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने सम्बन्धी :

जिल्ला शिक्षा समिति गठन  र शैक्षिक विकासमा संलग्नता, कर्मचारी व्यवस्थापन र पदपूर्ति, आर्थिक अनुशासन कायम गर्न, बेरुजु फर्स्योट र समग्र वित्तीय व्यवस्थापनमा सुधार, स्रोत केन्द्रको प्रभावकारी परिचालन, विद्यालय अनुमति तथा स्वीकृति दिने ।

४. शिक्षक व्यवस्थापन सम्बन्धी :

जिल्ला तहमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी मिलान र विषयगत शिक्षक व्यवस्थापन, स्थायी पद पूर्ति र प्र.अ. नियुक्ति, उच्च माविका शिक्षकहरूको व्यवस्थापन गर्ने ।

५. विद्यालय तहमा प्रभावकारी व्यवस्थापन र गुणस्तरीय सिकाइको सुनिश्चितता सम्बन्धी :

विद्यालय व्यवस्थापन समिति गठन र यसको क्रियाशीलता बढाउने, विद्यालय अनुमति दिने प्रक्रियालाई व्यवस्थित गर्ने, विद्यालय गाभ्ने विषय, विद्यालयमा कर्मचारीको प्रबन्ध, वित्तीय व्यवस्थापन र लेखा परीक्षण, सामाजिक परीक्षण गराउने, शिक्षक छनोट र नियुक्ति, विद्यालयको नियमित सुपरिवेक्षण र अनुगमन, स्थानीय तहमा क्षमता विकास सम्बन्धी, माध्यमिक तह निःशुल्क गर्ने विषय, दिगो स्रोतको व्यवस्थापन, एकीकृत माध्यमिक शिक्षा कक्षा ९-१२ को कार्यान्वयन, विद्यालय शिक्षाको समग्र गुण स्तरमा सुधार, विद्यालयमा न्यूनतम् सिकाइ वातावरणको सुनिश्चितता, निजी र सामुदायिक विद्यालयका बिचमा रहेको नतिजाको असमानतालाई कम गर्ने, पाठ्य पुस्तकको समयमा नै उपलब्धता, निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी प्रयोग र सिकाइ उपलब्धिको सुनिश्चितता, परीक्षाको विश्वसनीयता र मर्यादामा अभिवृद्धि गर्ने जस्ता कुराहरू कार्यान्वयन गर्ने ।

६. विद्यालयबाहिर रहेका बाल बालिकालाई विद्यालयमा ल्याउने, पहिचान गर्ने टिकाउने, अभिलेखीकरण, रणनीतिक तयारी, योजना कार्यान्वयन तथा प्रतिवेदन गर्ने कार्य अर्को चुनौतीका रूपमा रहेको छ ।

७. विद्यालयलाई शान्ति क्षेत्रका रूपमा व्यावहारिक रूपमा लागु गर्ने र यसलाई सम्पूर्ण शिक्षण संस्थामा विस्तार गर्ने कार्यमा राजनीतिक र व्यवस्थापकीय रूपमा आम सहमति जुटाएर लागु गर्न थप चुनौती देखिएको छ ।

**अवसरहरू**

- हाल विद्यालय क्षेत्र सुधार कार्यक्रमको विस्तार गर्ने कार्य भइरहेकाले विगतका राम्रा अभ्यासको निरन्तरता र सुधारका थप कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छ ।
- शिक्षामा सरकार, स्थानीय निकाय, निजी क्षेत्र, व्यक्ति र सहकारी समूहहरूको आकर्षणमा वृद्धि भएको छ । यसलाई प्रभावकारी संयोजन गर्न सके धेरै उपलब्धि हासिल गर्न सकिन्छ ।
- आधारभूत तहको शिक्षामा विकास साझेदार संस्थाहरूको पूर्ण सहयोग र प्राथमिकता रहेकाले यसबाट आगामी दिनमा गरिबी निवारण तथा सामाजिक सुरक्षाका थप कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सकिन्छ ।
- उच्च तथा प्राविधिक शिक्षामा विभिन्न परियोजनाहरूमार्फत प्राथमिकता निर्धारण गरी शैक्षिक सुधार गर्न सकिन्छ ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई स्तरवृद्धि गरी एकीकृत र वैज्ञानिक बनाउने कार्य अघि बढेकाले सूचना तथा तथ्याङ्कको विश्लेषण गरी योजना तथा कार्यक्रम बढी वस्तुगत बनाउन सकिन्छ ।
- उच्च शिक्षामा गुणस्तर सुनिश्चतत्ता र स्तर निर्धारण प्रक्रिया सञ्चालनमा आएको अवस्थामा यसलाई प्राविधिक र अन्य क्षेत्रमा विस्तार गर्न सके गुण स्तर विकासमा नियमन गर्न मद्दत पुग्ने देखिन्छ ।
- क्षेत्रगत रूपमा नयाँ विश्व विद्यालयको स्थापनाले क्षेत्रीय सन्तुलनको अवसर जुटेको छ ।
- बहु प्राविधिक शिक्षालय स्थापना र नयाँ TEVT fund board स्थापना गर्ने कार्य अघि बढिरहेको छ ।
- बहु क्षेत्रीय कार्यक्रमबाट विद्यार्थीलाई पोषण युक्त दिवा खाजा, स्वस्थ खानेपानी र आधुनिक प्राविधिको उपलब्धता हुन सक्ने देखिन्छ ।

## सुझाव र निष्कर्ष

गरिबी निवारण तथा सामाजिक सुरक्षाका क्षेत्रमा थप योगदान पुऱ्याउन शिक्षा क्षेत्रलाई प्राथमिकता दिई थप लगानी वृद्धि गर्ने, अन्य मन्त्रालय तथा क्षेत्रको सहयोग, समन्वय तथा गैरसरकारी क्षेत्र र समुदायलाई परिचालन गर्न आवश्यक देखिन्छ । प्रोत्साहन र सहयोग जस्ता लक्षित समुदाय केन्द्रीत कार्यक्रमहरू, जस्तै : छात्रवृत्ति व्यवस्थापन, दिवा खाजा, कमलरी क्षमता विकास, फिडर छात्रावास, हिमाली छात्रावास, लक्षित कार्यक्रमहरूको व्यवस्थापन, अझ विस्तार र प्रभावकारी बनउनुपर्ने देखिन्छ । विद्यालय तहदेखि केन्द्रसम्म अनुगमन समन्वय र उर्ध्वतर सम्बन्ध, स्थानीय स्तरको अनुगमन, विशेषज्ञको प्रयोग, अनुसन्धानात्मक कार्य, सामूहिक निरीक्षण, सूचना तथा सञ्चारको निरीक्षणमा उपयोग तथा प्रतिवेदन कार्यान्वयन जस्ता क्षेत्रमा विशेष ध्यान दिन जरुरी देखिन्छ । राम्रा अभ्यासहरूको पहिचान, सार्वजनिकीकरण, अन्य निकायहरूका राम्रा अनुभवहरूको आदान प्रदान तथा त्यसलाई देशव्यापी रूपमा लागु गर्ने कार्यमा प्राथमिकता दिई शैक्षिक व्यवस्थापनमा निरन्तर सुधारको खाँचो पुरा गर्न सकिन्छ ।

## सन्दर्भ सूची


अर्थ मन्त्रालय (२०७०) । आर्थिक सर्वेक्षण, २०७१, लेखक ।

Ministry of Education (2009) School Sector Reform Plan, 2009-2015, Kathmandu : Author

Ministry of Education (1997) Basic and Primary education master plan, Kathmandu : Author

Per Dalin (1998) School Development, theories and strategies Cassell, lmtec, the international Learning Cooperative.

खनाल राजन (२०७१) सार्वजनिक व्यवस्थापनका सामयिक बहस, सोपान मासिक, काठमाडौं ।

शिक्षा मन्त्रालय, शैजविके (२०६९) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा उच्च स्तरीय सेमिनार, कार्यपत्र सङ्ग्रह- शैजविके, भक्तपुर ।

नेपालको अन्तरिम संविधान, २०६३- कानुन किताब व्यवस्था समिति ।

अनौपचारिक शिक्षा केन्द्र (२०७१)। वार्षिक प्रतिवेदन, २०७०।